आज मिति २०८२/०२/२४ गते यस निस्दी गाउँपालिकाको ८३ औं गाउँ कार्यपालिका बैठक यसै निस्दी गाउँपालिकाका अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षता तथा तपसिल अनुसारको उपस्थितिमा बैठक बसी देहाय अनुसारको प्रस्ताव माथि छलफल गरि निर्णय गरियो ।

उपस्थिति :

१. अध्यक्ष श्री मुक्त बहादुर सारु

२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

३. वडा अध्यक्ष १ नं. वडा श्री यम बहादुर राना

४. वडा अध्यक्ष २ नं. वडा श्री फत्ते सिं दर्लामी

५. वडा अध्यक्ष ३ नं. वडा श्री नविन्द्र थापा सोती

६. वडा अध्यक्ष ४ नं. वडा श्री सन्तविर सुनारी

७. वडा अध्यक्ष ५ नं. वडा श्री दुर्गा बहादुर सोमै

८. वडा अध्यक्ष ६ नं. वडा श्री मेख बहादुर सुनारी

९. वडा अध्यक्ष ७ नं. वडा श्री मुक्त बहादुर पाटा

१०. कार्यपालिका सदस्य श्री हेम कुमारी सुनारी

११. कार्यपालिका सदस्य श्री देवीसरा सोमै

१२. कार्यपालिका सदस्य श्री मिम्श्री बयम्बु

१३. कार्यपालिका सदस्य श्री खुमीसरा पुलामी

१४. कार्यपालिका सदस्य श्री रिकलाल कामी

१५. कार्यपालिका सदस्य श्री खुम बहादुर वि.क.

१६. प्रमुख प्रशासकीय अधिकृत श्री मदन अर्याल

अन्य सहयोगी कर्मचारी १७. प्रशासन अधिकृत श्री अर्जुन खनाल

१८. लेखा अधिकृत श्री सरोज काफ्ले

१९. कार्यालय सहयोगी श्री लाल ब खन्गाहा

**<u>मिति २०८२। ०२।२४ गते बसेको  निस्दी गाउँपालिकाको ८३ औं गाउँ कार्यपालिका बैठकको प्रस्तावहरु</u>**

१ .गत कार्यपालिकाको निर्णय समिक्षा  तथा रिपोटिङ्ग सम्बन्धमा ।

२. गाउँ सभाको १७  औं अधिवेशन आह्वान  सम्वन्धमा ।

३. नीति तथा कार्यक्रम तर्जुमा  सम्वन्धमा ।

४. विपद् व्यवस्थापन सम्वन्धमा ।

५. विविध ।

२०८२।२।२४
मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

मुक्त बहादुर सारु
अध्यक्ष

**मिति २०८२।०२।२४ गते बसेको निस्दी गाउँपालिकाको ८३ औं गाउँ कार्यपालिका बैठकको निर्णयहरु**

१. प्रस्ताव नं १ माथि छलफल गर्दा गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो । गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनमा भएको पाइयो । प्रमुख प्रशासकीय अधिकृत बाट गाउँ कार्यपालिकाको कार्यालय बाट सम्पादन भएका सेवा प्रवाह ,सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यबाट वडा कार्यालयबाट भएको सेवा प्रवाह तथा आयोजना संचालन, जनगुनासो र जनगुनासोको सम्वोधन गर्ने सम्बन्धी विषयमा यस बैठक समक्ष रिपोटिङ्ग गर्नुभयो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा निस्दी गाउँपालिकाको गाउँ सभाको १७ औं अधिवेशन मिति २०८२/०३/०८ गते दिउँसो १:०० बजे बहुउद्देश्यीय सभाहलमा आह्वान गर्ने सर्वसम्मत निर्णय गरीयो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा आ.व २०८२/०८३ को बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्न विषयगत समितिलाई चलायमान गराउने तथा आवश्यकताको आधारमा बस्तुनिष्ठ बार्षिक नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्न ५ बिषयगत समिति र गाउँ कार्यपालिकाको कार्यालय लाई निर्देशन दिने निर्णय गरीयो ।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा मनसुनजन्य बिपद् र अन्य विपद् व्यवस्थापन तथा न्यूनिकरण गर्न गाउँ कार्यपालिकाको कार्यालय , बडा कार्यालय र प्रहरी चौकी तयारी अवश्थामा रहन निर्देशन दिने तथा गाउँपालिका र वडा कार्यालय पहुँच मार्गमा पहिरो गएमा/ बिपद् भएमा यथासम्भब खुलाउने/ ब्यवस्थापन गर्ने निर्णय गरियो । साथै यस कार्यको लागि निर्देशन दिने जिम्मा गाउँपालिका अध्यक्ष लाई दिने निर्णय गरियो ।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा देहाय अनुसार निर्णय गरियो ।

क) ६ नं वडा कार्यालय अर्चलेमा खानेपानी व्यवस्थापन गर्न रु २७५०० कन्टेनजेन्सी खर्च शिर्षकबाट बिनियोजन गर्ने निर्णय गरियो ।

ख) किसान सुचिकरण फोकल पर्सन कृषि स्नातक तथा कृषि शाखा प्रमुख श्री सागर न्यौपानेलाई तोक्ने सर्वसम्मत निर्णय गरियो ।

ग) राजश्व परामर्श समितिको मिति २०८२/०२/२३ गते बसेको बैठकको निर्णयहरुलाई सर्वसम्मत अनुमोदन गरियो ।

घ ) जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता संचालन गर्न रु २५ हजार आर्थिक सहयोग गर्ने तथा निस्दी गाउँपालिकाको प्रतिनिधित्व गरी जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा प्रतिनिधित्व गर्ने टिमलाई खाना खाजा , बास र जर्सी खर्च विविध खर्च शिर्षकबाट भूक्तानी गर्ने निर्णय गरियो ।

२०८२।२।२४

मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

मुक्त बहादुर सारु
अध्यक्ष

ङ) बालहित माध्यमिक बिधालय निस्दी-२ सहलकोटको च.नं १८५ मिति २०८२/०२/०४ को प्राप्त पत्र र वि.व्य.सको मिति २०८२/०२/०४ को निर्णय अनुसार बिज्ञान विषयको सरुवा भई आउनको लागी सहमति प्रदान गर्ने निर्णयलाई स्वीकृत गरी शिक्षा बिकास तथा समन्वय ईकाई, पाल्पा लाई सिफारिस गर्ने निर्णय गरियो ।

च ) निर्माणाधिन १५ शैया अस्पतालको ट्वाईलेट बाथरुम भर्याङको लागि BOQ मा टायल नभएकोमा ठेक्कामा जे क्वान्टीटी छ सोहि बमाजिम नै कार्य गर्न निर्देशन दिने निर्णय गरियो ।मूल ढोका गेटको ट्रस्टको सन्दर्भमा समेत सोहि बमोजिम गर्ने निर्णय गरियो ।

छ)बाकामलाङ -०१ भोटाहाको नदि किनारमा डम्पीङ्ग गरी राखेको नदिजन्य पदार्थको मिति २०८२/०२/१९ मा दोस्रो पटक प्रकाशित सूचनालाई अनुमोदन गर्ने निर्णय गरियो ।

ज)निर्माणाधिन १५ शैया अस्पताल र मुख्य प्रशासनिक भवनको म्याद थपको प्राप्त पत्रको विषयमा छलफल भै कार्य प्रगतिका आधारमा आगामी बैठकमा प्रस्ताब पेश गर्ने निर्णय गरियो ।

झ)१५ शैया अस्पतालको पालिका तर्फको बजेटबाट नियमानुसार रकमान्तर गरी अर्चले लिफ्ट पम्पको ६ लाख , मोहरीया सामुदायिक भवन मर्मतको लागि रु ४० हजार र सुकेकोट थाम आनन्दी खानेपानी पम्प/प्यानल मर्मतको लागि ८० हजार मध्ये लाभग्राहीको १० प्रतिशत लागत सहभागिता रहने गरी कार्य प्रकृया अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

२०८२/२/२८

मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

मुक्ति बहादुर साउ
अध्यक्ष